# मावन बेचबिखन तथा ओसारपसार बिरुद्धको बाह्रौ राष्ट्रिय दिवस २०७५

सामाजिक विकास मन्त्रालयकर्णाली प्रदेश. सुर्खेतले  मिति २०७५।५।२० का दिन सुर्खेत जिल्लामा**"संघियताको महत्वपूर्ण सारःमानव बेचबिखन अन्त्यका लागि जिम्मेवारी र सहकार्य सहित गरौ खवरदार"** भन्ने मुल नाराका साथ १२ औंराष्ट्रिय मानव बेचबिखन तथा ओसार पसार विरुद्धको दिवस मनाएको छ । उक्त कार्यक्रम अनुसार  बिहान ७.३० बजे मंगलगढी चोकमा जम्मा भै ¥ofnL सुरु गरी नेताचोक, पिपल चौतारी हुदैँ स्वास्थ्य तालिम केन्द्रमा सभाको अयोजना गरिएको थियो । मन्त्रालयका सचिव गिरिजा शर्माको अध्यक्षता र आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री नरेश भण्डारीज्यूको प्रमुख अतिथ्यतामा मूल समाहरोको कार्यक्रम गरी दिवस भव्यरुपमा मनाइयो । उक्त अवसरमा जिल्ला प्रहरी कार्यालयका प्र.ना.उ. श्री श्यामसिंह चौधरीले कर्णाली प्रदेशको मानव बेचबिखन अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो।माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बारेमा मन्तव्य दिनुहुदै बेचबिखन तथा ओसारपसार जघन्य सामाजिक एवंम मानवीय अपराध भएकाले सबै सरोकारवाला निकायहरु संबेदनशील हुन र व्यापक रुपमा जनचेतना बढाउन लाग्नुपर्ने कुरामा जोड दिनुभयो । उक्त अवसरमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालयका  प्रमुख सचिव श्री राम प्रसाद थपलिया, आन्तरिक मामिला तथा कानून मन्त्रालयका श्री केशव राज आचार्य सचिव, ६ नं. प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरिक्षक श्री महेश विक्रम शाहको उपस्थिति रहेको थियो ।

मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बाह्रौ राष्ट्रिय दिवसलाई सभ्य र भव्यरुपमा सम्पन्न गर्न उपस्थित प्रमुख अतिथि, अतिथि, विभिन्न जिम्मेवारीका साथ खटिनुहुने विभिन्न सरोकारवाला निकाय एवं संस्थाहरु, संचारकर्मी, सुरक्षाकर्मी सवैमा सामाजिक विकास मन्त्रालयधन्यवाद सहित आभार प्रकट गर्दछ।